धनगढीमाई नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

धनगढी, सिरहा
मधेश प्रदेश

## हाट बजार ठेक्का वन्दोवस्त सम्वन्धी सूचना ।

(तेस्रो पटक सुचना प्रकाशन मिति २०८१/०४/०८)

धनगढीमाई नगरपालिका नगर कार्यपालिकाको कार्यालय धनगढी, सिरहा मधेश प्रदेश, नेपाल

राज कुमार दास
प्रमुख प्रशासकीय अधिकृत

नेपालको संविधान(२०७२)को अनुसूची-८, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम यस नगरपालिकाले आफ्नो क्षेत्राधिकार भित्र रहेका तपसिल वमोजिमका बजारहरुको आगामी आ.व.२०८१/८२ का लागि नियमित हाट बजार सेवा शुल्क (राजश्व) उठाउने प्रयोजनको लागि ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, संस्था वा कम्पनीहरुवाट निम्न शर्तहरुको अधिनमा रही गोप्य शिलवन्दी दरभाउ पत्र पेश गर्न सम्वन्धित सबैका लागी यो सूचना प्रकाशित गरिएको छ ।

### शर्तनामा

१. यो सूचना प्रकाशन भएको मितिले ३(तेस्रो)औं दिन भित्र यस कार्यालयको कुमारी बैंक, धनगढीमा रहेको आन्तरिक राजश्व खाता नं.२६४०२४७७०२८००००१ मा रु.३,०००/- (रु. तीन हजार, पछि फिर्ता नहुने गरी) जम्मा गरेको सक्कल भौचर वा नगदै बुझाई दरभाउ पत्र फारम यस कार्यालयको राजश्व उप-शाखाबाट खरिद गर्न सकिनेछ । इजाजत प्राप्त कम्पनीको हकमा नवीकरण भएको ठेक्का ईजाजत पत्र तथा स्थायी लेखा नम्बर (PAN) र भ्याट दर्ता प्रमाण पत्रको प्रतिलिपि कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि र निवेदन साथ पेश गर्नुपर्नेछ ।

२. रितपूर्वक भरिएको दरभाउपत्र फारम प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३ (तेस्रो)औं दिन दिनको १२:०० बजे सम्ममा यस कार्यालयमा दर्ता गरिसक्नु पर्नेछ । दर्ता भएको दरभाउपत्र सोही दिनको २:०० बजे यस कार्यालयमा दरभाउपत्र दाता वा निजको प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । दरभाउपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

३. दरभाउपत्र साथै तपशिलमा उल्लेखित धरौटी वापतको (कबोल अंकको ५ प्रतिशत) रकम यस कार्यालयको कुमारी बैक, धनगढीमा रहेको धरौटी खाता नं. धरौटी २६४०२४७७०२८०००१२ मा नगद जम्मा गरेको सक्कल भौचर वा सो रकम बरावरको नेपाल सरकारको मान्यता प्राप्त बैंकहरु (बिडबण्ड जारी गर्न सक्ने अधिकार प्राप्त बैंक)बाट घटिमा एक सय दिनको मान्य अवधि भएको सक्कल बिडबण्ड (Bid Bond) पेश गर्नु पर्नेछ ।

४. दररेट भर्दा मूल्य अभिवृद्धि कर (VAT) बाहेकको दररेट भर्नु पर्नेछ ।

५. दरभाउपत्र दाखिला गर्दा शिलबन्दी खामको बाहिर यस कार्यालयको नाम, ठेक्का नं.कामको विवरण, दरभाउपत्र दाताको नाम, ठेगाना आदि स्पष्ट रुपमा खुलाउनु पर्नेछ ।

६. दरभाउपत्र खरिद गर्ने र दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा क्रमशः कार्यालय खुलेको पहिलो दिनको सोही समय कायम हुनेछ ।

७. एक फर्मको नामबाट खरिद भएको दरभाउपत्र अर्को फर्मको नामबाट दर्ता गर्न पाईने छैन ।

८. रित नपुगी वा म्याद नाघी आएको दरभाउपत्र माथि कार्यवाही हुने छैन ।

९. दरभाउपत्र आंशिक वा पूर्ण रुपमा स्वीकृत वा अस्वीकृत गर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ ।

१०. सेवा शूल्क असुल गर्दा करदातालाई दिईने रसिद नगर कार्यपालिकाको कार्यालयले तोकिदिएको ढांचामा ठेकेदारको तर्फवाट छपाई सि.नं.००१ देखि संख्या (Numbering) शुरु गरी नगर कार्यपालिकाको कार्यालयमा

राज कुमार दास
प्रमुख प्रशासकीय अधिकृत

ल्याई नगर कार्यपालिकाको कार्यालयको छाप लगाई प्रमाणित भए पछि मात्र प्रयोग गर्न पाईनेछ । विना छापको रसिद प्रयोग गरेको फेला परेमा नगर कार्यपालिकाको कार्यालयद्वारा कानूनी कार्वाही हुनेछ । साथै नगरकार्यपालिकाको कार्यालयबाट उपलब्ध गराइने हाट वजार सेवाको दररेटहरुको वोर्ड वनाई ठेकेदारले नै राख्नु पर्नेछ ।

११. नगरपालिकालाई बुझाउनु पर्ने बाँकी बक्यौता रकम नबुझाएको तथा नगरपालिकाको पेश्की बाँकी रकम वा नगद जिन्सी बुझाउन बाँकी रहेको व्यक्तिले ठेक्का लिन पाउने छैन । कुनै कारणवश त्यस्ता व्यक्तिको ठेक्का स्वीकृत भए पनि पछि उल्लेखित विवरण जानकारी हुन आएमा ठेक्का वदर गरी धरौटी लगायत बुझाएको सम्पुर्ण रकम समेत जफत गरिनेछ ।

१२ सूचनामा केही कुरा थपघट गर्नु परेमा थपघट गर्नुपर्ने कुरा कार्यालयको सूचना पार्टीमा टास गरी जानकारी गराइनेछ साथै सूचना सम्वन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

१३. यस ठेक्का वापत नेपाल सरकारलाई वुझाउनु पर्ने सम्पूर्ण करदस्तुर, महशुल आदि ठेकेदारले नै वुझाउनु पर्नेछ ।

१४. ठेकेदारले शूल्क उठाउन नियुक्त गरेको कर्मचारीको नाम, थर, ठेगाना खुलेको नामावली नगर कार्यपालिकाको कार्यालयमा पेश गर्नु पर्नेछ। त्यसरी नियुक्त कर्मचारीले तोकिएको शुल्क भन्दा वढी रकम उठाएमा वा नगरपालिकाको अहित हुने कार्य गरेमा त्यसको उत्तरदायित्व ठेकेदारले नै व्यहोर्नु पर्नेछ ।

१५. नगरपालिकाले निर्धारण गरेको दररेट भन्दा फरक मूल्य निर्धारण गरी संकलन गर्न पाउने छैन ।

१६. तपसिल बमोजिमको न्यूनतम अंक भन्दा माथि कबोल गर्नु पर्नेछ । साथै दरभाउ पत्र पेश गर्दा प्रत्येक बजारको दरभाउ पत्र छुटाछुटै शिलबन्दी गरि पेश गर्नु पर्नेछ । शिलबन्दी दरभाउ पत्रमा दरभाउपत्रदाताले रीतपूर्वक सहीछाप गरेको हुनु पर्नेछ ।

१७. दरभाउपत्र स्वीकृत भए पछि ठेक्का वापतको कबोल अंक दुई किस्तामा बुझाउनु पर्ने छ। पहिलो किस्ता चलन पूर्जी लिनु अगावै नगद ६० प्रतिशत रकम बुझाउनु पर्ने। दोश्रो किस्ता ४० प्रतिशत रकम बराबरको यस कार्यालयका नाउँमा नेपाल राष्ट्र बैंकको मान्यता प्राप्त बैङ्कवाट जारि गरिएको कम्तीमा १३ महिना म्याद भएको कार्य सम्पादन जमानी पत्र सक्कल प्रति चलन पूर्जि लिनु अगाबै पेश गर्नु पर्नेछ ।

१८. सूचनामा उल्लेख भएकोमा सोही वमोजिम र अन्य कुराहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

१९. अन्य जानकारीको लागी कार्यालय समय भित्र सम्पर्क राखी बुझ्न सकिनेछ ।

**तपसिल**

| क्र.सं | आय ठेक्का नं. | कामको विवरण | न्यूनतम दर (मु.अ.कर बाहेक) | धरौटी रकम |
|---|---|---|---|---|
| १ | (I)-DH-MUN-०१-२०८१/०८२ | धनगढी बजार | ३०,००,०००/- (अक्षेरुपी तीस लाख रुपैया मात्र) | |
| | | जिरोमाईल बजार | | |
| | | छपराडी बजार | | |
| | | कसहा बजार | | |
| | | भवानीपुर बजार | | |

धनगढीमाई नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धनगढी, सिरहा।